AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# पैसा

अष्ट्रेलियामा दक्ष कामदार भएको स्वतन्त्र बजार अर्थतन्त्र छ। अष्ट्रेलियाको अर्थतन्त्र खानी तथा कृषिजस्ता प्राथमिक उद्योगमा निकै धेरै निर्भर छ। निर्माण तथा सेवा उद्योगहरू पनि महत्वपूर्ण छन्।

यहाँको मुद्राको एकाई अष्ट्रेलियन डलर हो। अधिकांश विदेशी मुद्रा विमानस्थल र धेरैजसो बैँङ्कहरूमा साट्न सकिन्छ। तपाईँले मुद्रा साट्न आफ्नो राहदानी वा ट्राभल डकुमेण्ट देखाउनु आवश्यक हुनसक्छ।



## भुक्तानी तथा सेवाहरू

अष्ट्रेलियामा आइपुगेको शुरूका केहि दिनहरूमा तपाईँको केसवर्कर वा प्रस्तावकले तपाईँलाइ सेन्टरलिङ्कमा (Centrelink) लगेर तपाईँको लागि आम्दानी सहायता भुक्तानीलगायतका तपाईँयोग्य हुने सेवाहरूमा दर्ता गर्न मद्दत गर्नेछन्। तपाईँले आफ्नो परिचयको प्रमाण दिनुपर्छ जस्तो कि ट्राभल डकुमेण्ट र तपाईँको बैङ्क खाताको विवरण।

## बैङ्कीङ्ग

अष्ट्रेलियामा आइपुगेको केहि दिनपछि तपाईँको केसवर्कर वा प्रस्तावकले बैङ्क खाता खोल्न तपाईँलाई मद्दत गर्नेछन्। बैङ्क खाता खोल्न तपाईँले परिचय दिने प्रमाण जस्तो कि राहदानी, यात्रा अनुमति पत्र र ठेगानाको विवरण उपलब्ध गराउनु पर्छ। तपाईँले प्राप्त गर्नु भएपछि बैङ्कलाई आफ्नो ट्याक्स फाईल नंम्बर (Tax File Number - TFN) पनि उपलब्ध गराउनु पर्छ। अष्ट्रेलियामा सरकारले गर्ने भुक्तानी प्रत्यक्षरूपमा बैङ्क खातामा गर्नुपर्छ। धेरै व्यवसायीहरूले पनि तिनका कामदारको तलब बैङ्क खातामा भुक्तानी दिने गर्छन्।

अष्ट्रेलियामा इलेक्ट्रोनिक वा इन्टरनेट बैङ्किङ्को सामान्य अभ्यास भैसकेको छ र बैङ्कले तपाईँलाई बैङ्ककार्ड र एउटा निजी परिचय नम्वर (PIN) दिएको हुन्छ जुन तपाईँले एटीएम (Automatic Teller Machines - ATMs), बैङ्कका शाखाहरू वा सुपरमार्केटमा क्यासियरहरूबाट रकम झिक्दा वा जम्मा गर्दा प्रयोग गर्नु पर्छ।

कसैलाई पनि आफ्नो पिन (PIN) नम्वर भन्नु हुँदैन र अरू कसैलाई उक्त नम्बर अनुमान गर्न सजिलो बनाउनु हुँदैन। यदि तपाईँको बैङ्ककार्ड हराएमा वा चोरी भएमा बैङ्कलाई जानकारी दिनु जरूरी छ। चोरी हुने र हराउने जस्ता हानिबाट सम्पत्तीको सुरक्षा गर्ने उपाय भनेको बैंङ्क नै हो। तपाईँको घरमा पैसा लुकाएर राख्नु राम्रो होइन।

## पैसाको व्यवस्थापन


अष्ट्रेलियामा बसोबासको लागि चाहिने खर्च निकै धेरै लाग्नसक्छ। खर्चको हिसाव राख्नाले तपाईँलाई आफूसित भएको रकम कति छ र कति खर्च गर्न सकिन्छ अनि तपाईँ कति बचत गर्न सक्नुहुन्छ भन्ने कुरा थाहा पाउन सजिलो हुन्छ। भाडा, खानेकुरा र युटिलिटी (पानी, ग्यास र बिजुली) को खर्च महङ्गो पर्न सक्छ र त्यसले बसोबासको प्रारम्भिक चरणमा तपाईँको अधिकांश आम्दानी सकिन सक्छ। समयमा तपाईँको करहरू र अन्य बिलहरू भुक्तानी गर्ने गर्दा अष्ट्रेलियामा तपाईँको **एउटा असल क्रेडिट हिष्ट्री (उधारो इतिहास)** बन्नेछ। यहाँ असल क्रेडिट हिष्ट्री हुनु आवश्यक छ त्यसो भएमा तपाईँले कार किन्न वा घर खरिद गर्न ऋण (मोर्गेज) पाउन सक्नुहुन्छ।

तपाईँको जीवन परिस्थितिमा कतिपय कुराहरू निर्भर रहने भए पनि अष्ट्रेलियामा आउँदा तपाईँको जीवनको अधिकांश समयमा भन्दा कम वा बढी आय आर्जन गर्नु भएको हुनसक्छ अनि तपाईँले पहिलाभन्दा बढी विल तिर्नुपर्ने हुनसक्छ। तपाईँले सम्भवत: पहिलाभन्दा बेग्लै तरिकाले पैसाको उपयोग गर्नुपर्ने हुन्छ र तपाईँको नयाँ परिस्थितिलाई मिल्ने गरेर खर्च चलाउनुपर्ने हुन्छ। खर्च चलाउने केही असल बानीहरू निम्न छन्:

- आम्दानी र खर्चको हिसाब राख्न बजेट तयार पार्ने गर्नुहोस्। तपाईँका आवश्यकताहरू थाहा पाउनुहोस् र ती कुराहरूका लागि पैसा अलग राख्नुहोस्।
- पैसा तिरेपछि पसलेले दिने रिसिप्ट राख्नुहोस् त्यसो हुँदा तपाईँले कति रकम खर्च गर्दै हुनुहुन्छ भन्ने थाहा पाउनुहुन्छ।
- खाताको प्रकारअनुसारको नियमहरू अनुसरण गरेर बैङ्कको शुल्क तिर्नबाट पर रहनुहोस्।
- तपाईँको आम्दानी नियमित हुने यकिन नहुन्जेल र त्यसको क्रेडिट भुक्तानी गर्न सक्ने कुरा निश्चित नहुन्जेल क्रेडिट र क्रेडिट कार्डको प्रयोग नगर्नुहोस्।
- उत्तेजित भएर सामान किन्ने नगर्नुहोस्।
- मोवाइल र इन्टरनेट सेवाहरुको प्रयोग सावधानीपूर्वक गर्नुहोस् किनभने ती कुराहरु निकै महँगो हुनसक्छन्।
- पैसाको हिसाब राख्न टेलिफोन वा इन्टरनेट ब्याङ्किङ्को प्रयोग गर्नुहोस्।

## बिल भुक्तानी

टेलिफोन, बिजुली र पानी उपलब्ध गराउने कम्पनीहरूले नियमितरूपमा बिलहरू पठाउँछन् जुन तोकिएको मितिभित्र चुक्ता गरेको हुनुपर्छ। रकम समयमा भुक्तानी गरेको हुनु जरूरी छ नत्र भने सेवाहरू कटौति हुनसक्छन् वा बिलम्व शुल्क लाग्न सक्छ। अधिकांश बिलहरू हुलाक कार्यालयबाट, कम्पनीका कार्यालयमा पुगेर व्यक्तिगत तवरमा वा टेलिफोन वा इन्टरनेट व्याङ्किङ् सेवामार्फत तिर्न सकिन्छ। जव तपाईँ नयाँ घरमा सर्नुहुन्छ तपाईँले युटिलिटी सेवा पुरानो घरबाट विच्छेद गरेर तपाईँको नयाँ घरमा जोड्नुपर्छ।



## किनमेल

अष्ट्रेलियामा मोलमोलाइ गर्ने चलन छैन। पसलहरूमा देखाएर राखिएका सामानहरूको मुल्य तोकिएको हुन्छ जुन मानिसहरूले तिर्छन्। कहिलेकाहीँ ठूला सामानहरू किन्दा (जस्तो कि कार) मोलमोलाई गर्नु स्वीकार्य हुन्छ। ठूला सामानहरु किन्दा मानिसहरूले नगद कारोबार गरेमा वा एकभन्दा बढी सामान किनेमा कहिलेकाहीँ खुद्रा पसलेहरूले छूटहरू दिन्छन्।

अष्ट्रेलियाका पसलहरूमा सरसामान किन्दा लाइन वा क्यूमा बस्नुहोस्। कहिलेकाहीँ तपाईँले मेसिनबाट नम्वर लिनुपर्ने हुन्छ र सो नम्वर नबोलाउन्जेल प्रतिक्षा गर्नुपर्ने हुन्छ। यदि कसैले लाइनमा धकेलेमा त्यो कामलाई अष्ट्रेलियाका मानिसहरूले रूखो वा निन्दनीय मान्दछन्।

## खानेकुरा

खानेकुरा कपडा र दैनिक आवश्यकताका सामानहरू किन्न सबै शहर र नगरहरूमा विभिन्न प्रकारका पसलहरू छन्। अधिकांश शहरहरूका सुपरमार्केटहरूमा तपाईँले विश्वका विभिन्न भागबाट ल्याइएका खानेकुराहरू किन्न सक्नुहुन्छ। अधिकांश राजधानी शहरहरूमा बजारहरू छन् जहाँ ताजा फलफूल, तरकारी, मासु, अण्डा र माछा किन्न पाइन्छ। बजारमा सामान्यतया मुल्य अलि सस्तो हुनेगर्छ।

घरमा पकाएर खान सधैँ सस्तो पर्छ। अष्ट्रेलियाका रेष्टुराँहरू महँगा छन्। शहरहरूमा रेष्टुराँ र क्याफेहरू छन् जसले विश्वभरका विभिन्न खालका खानेकुरा बिक्री गर्छन्। ती शहरहरूमा तयारी खानेकुरा वा 'टेक अवे'को विकल्प पनि उपलब्ध छ।

## कपडाहरू


अष्ट्रेलियनहरू आफूले चाहेको शैलीमा लुगा लगाउन स्वतन्त्र छन्। पश्चिमी शैलीका कपडा सबभन्दा बढी चलनचल्तीमा छ। तपाईँले आफ्नो परम्परा वा धर्मअनुसारको कपडा रोजेर लगाउन पाउनुहुन्छ।

कपडा र जुत्ताको मुल्य त्यसको स्टाइल, गुणस्तर वा क्वालिटी र ब्राण्डको नाममा निर्भर रहन्छ। ठूला डिपार्टमेण्ट स्टोर र साना पसलहरू लगायत विभिन्न ठाउँहरूबाट कपडा र जुत्ताहरू किन्न सकिन्छ। केही दातृ सङ्गठनहरूका पसलहरू छन् जसले प्रयोग भैसकेका सफा कपडा र जुत्ताहरू सस्तो मुल्यमा विक्री गर्छन्। पसलहरूमा प्रायः गरेर फिटिङ् कोठा हुन्छ जहाँ मानिसहरूले कपडा ठीक हुने नहुने यकिन गर्न एकपटक लगाएर हेर्छन्।

अधिकांश विद्यालयहरूको स्कूल पोशाक हुन्छ र ती पोशाक विद्यालय वा खास खास कपडा पसलहरूमा किन्न पाइन्छ। अधिकांश प्राथमिक विद्यालयहरूमा स्वीकृतिप्राप्त टोपि वा ह्याट लगाउनु अनिवार्य छ जसले केटाकेटीहरू बाहिर खेल्दा सूर्यको तातो रापबाट उनीहरूको सुरक्षा गर्छ। विश्वका अन्य भागहरूमा भन्दा अष्ट्रेलियामा सूर्यको राप निकै कडा हुने भएकोले र त्यसले तपाईँको छाला डढाउने गरी पोल्ने हुँदा त्यसो गर्नु परेको हो।









यो पृष्ठ जानीबुझी खाली राखिएको हो

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM